प.सं. प्रशासन /०७१/०७२ मिति :– २०७२।३।२
च.नं.

**विषय :– निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्था शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७२ साल ज्येष्ठ महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७२।२।७ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री बिष्णुदत्त गौतम ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिती :**

श्री बिष्णुदत्त गौतम - प्रमुख/का.अ. सि.न.पा.

आमन्त्रीत

| | | |
|---|---|---|
| श्री शैलेन्द्र प्रसाद श्रेष्ठ | - | ब.ई., सि.न.पा. |
| श्री विवेक कुमार खनाल | - | ब.अ., सि.न.पा. |
| श्री गणेश बहादुर क्षेत्री | - | ब.अ., सि.न.पा. |
| श्री देव प्रसाद ज्ञवाली | - | शाखा अधिकृत , सि.न.पा. |
| श्री श्रीराम गुप्ता | - | शा.अ. अध्यक्ष, कर्मचारी एशोसिएसन |

**निर्णय नं. १(एक)**

जगेडाकोष र यस नगरपालिकाको साझेदारीमा चालु आ.ब. २०७१/७२ को स्वीकृत कार्यक्रम अनुसार वडा नं. ४ नवदुर्गा पथको सडक पिच तथा नाली निर्माण कार्यका लागि मिति २०७१।१०।२० मा सफिक निर्माण सेवा संग रु ३६,०४,३३२।५१ (मु.अ.कर समेत) मा ठेक्का सम्झौता भई निर्माण कार्य गर्ने सिलशिलामा निर्माण भएको नालाको पर्खालको केही भाग सडकको सतह भन्दा माथी भएकोले बर्षा याममा सडकमा पानी जम्ने भई आवत जावतमा कठिनाई हुनुको साथै हाल ३ मिटर चौडाईमा रहेको कालोपत्रे सडक आयोजना छनौट गर्दाको समय भन्दा निकै विग्रेर मर्मत योग्य समेत नभएको, निर्माण भएको नाला र हाल जिर्ण रहेको कालोपत्रे सडकको बिचमा खाल्टाहरु समेत रहेकोले यथास्थितमा सडक पिच मर्मत गर्दा सडकको दिगोपन नहुने भनी स्थानीय वासिन्दाहरुबाट पिच मर्मत गर्ने कार्य संशोधन गर्न अनुरोध भै आएको, आयोजना सुपरीवेक्षण तथा अनुगमन समितिको मिति २०७२।२।६ को बैठकबाट समेत सोही अनुसार गर्न सिफारिश भै आएको र प्राविधिकबाट समेत पिच मर्मतको कार्यको आईटमको सट्टा Base Course र Sub Base Course को आईटम राख्ने गरी कार्य गराउन स्वीकृत लागत अनुमान सशोधनका लागि राय प्राप्त भएको, साथै यसरी लागत अनुमान संसोधन गर्दा नयाँ थप हुने आईटमको हकमा कार्यालयको स्वीकृत दररेट भन्दा २२.५



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

प्रतिशतले घटेर काम गर्न सम्बन्धित ठेकेदाले मन्जुर समेत गरेको हुँदा यसबाट नगरपालिकालाई कुनै पनि किसिमको आर्थिक दायित्व समेत बढ्ने अवस्था नदेखिएकोले कार्यालयबाट पेश भए बमोजिम लागत अनुमान संशोधनलाई स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २(दुई)**

स्थानीय जनताको लागत सहभागितामा योजना संचालन गर्दा नगरपालिकाको सिमित स्रोतबाट बढी काम गराउन सकिने र उपभोक्तामा पनि योजना प्रतिको अपनत्व वृद्धि हुने हुँदा चाल आ.ब. को स्वीकृत बजेट र गत आ.ब. मा खर्च नभई जिम्मेवारी सर्न आएको रकम समेतबाट गरी न.पा. को ६०% र उपभोक्ताहरुको ४०% लगानीमा देहाय बमोजिमका योजना स्वीकृत गरी कार्यान्वयन गराउने गरी मिति २०७२।१।६ मा सम्पन्न सर्वदलिय बैठकको सिफारिश समेतका आधारमा कार्यालयबाट गरिएको सम्झौताहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.न. | योजनास्थल | ल.ई अंक | कार्य विवरण | न.पा.ले व्यहोर्ने | उ.भो.स. ले व्यहोर्ने |
|---|---|---|---|---|---|
| १ | सि.न.पा. ८ बसडिलवा - क्षितिजपथ | ३,०००००।०० | नाला निर्माण कार्य | १,८०,०००।०० | १,२०,०००।०० |
| २ | सि.न.पा. ३ सिद्धार्थ कलोनी - दरखसवा | ३,०००००।०० | सडक पिच कार्य | १,८०,०००।०० | १,२०,०००।०० |
| ३ | सि.न.पा. १२ जनतापथ देखि पश्चिम न्यू ईरा आवासीय उच्च मा.वि. सम्म | ३,०००००।०० | पक्की नाली तथा सडक पिच कार्य | १,८०,०००।०० | १,२०,०००।०० |
| ४ | सि.न.पा. ८ प्रकाशपथ | ३,०००००।०० | नाला निर्माण तथा ग्रेभल सडक | १,८०,०००।०० | १,२०,०००।०० |
| ५ | सि.न.पा. ८ रविपथ, एकता टोल उत्तर तर्फ बलराम शर्मा र पश्चिम तारा बहादुर कुवरको घर सम्म | २,०००००।०० | सडक निर्माण कार्य | १,२०,०००।०० | ८०,०००।०० |
| ६ | सि.न.पा. १२ कालीका पथ | १०,०००९६।३९ | सडक तथा नाला निर्माण कार्य | ६,०००९६।३९ | ४,०००००।०० |
| ७ | सि.न.पा. ८ अन्नपूर्ण टोल शालिग्राम पथ | २,५३४१७।१९ | पक्की नाली निर्माण कार्य | १,४९,९९९।१९ | १,०३,४१८।०० |
| ८ | सि.न.पा. ३ दरखसवा महिला सामुदायिक समूह | ५,०००००।०० | सामुदायिक भवन निर्माण | ३,०००००।०० | २,०००००।०० |
| ९ | सि.न.पा. ८ खाध्य गोदाम पश्चिम | ४,९९,९७६।९७ | सडक तथा नाला निर्माण कार्य | २,९९,९७७।९७ | २,०००००।०० |
| १० | सि.न.पा. ८ बसडिलवा शिवालय मन्दिरको उत्तर पट्टी | २,००,५२७।९० | अधुरो नाला निर्माण कार्य | १,२०,३१६।७४ | ८०,२११।१६ |
| ११ | सि.न.पा. ८ स्थित बैंक कलोनी पथबाट शिवपथ जोड्ने लोहार बस्ती हुदै समावेशी पथ | १,९९,४७४।२८ | पक्की नाली निर्माण कार्य | १,१९,४७४।२८ | ८०,०००।०० |




**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**

फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५

e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | सि.न.पा. ८ सहिद स्मृती पुस्तकालय भवनको दक्षिण देखि पश्चिम राज कुमार कोईरीको घर सम्म | १,९९,६१८।३६ | पक्की नाली निर्माण | १,१९,६१८।३६ | ८०,०००।०० |
| १३ | सि.न.पा. १ ज्ञानपथको पूर्वपट्टी | १,९९,९४१।८७ | नाला निर्माण | १,१९,९४१।८७ | ८०,०००।०० |
| १४ | सि.न.पा. ८ लुम्बिनी रोडको उत्तर तिर दुर्गा मन्दिर जाने बाटो | ३,०००००।०० | सडक निर्माण कार्य | १,८०,०००।०० | १,२०,०००।०० |
| १५ | सि.न.पा. ७ भैरहवा कलोनीमा | ३,०००००।०० | सडक पिच तथा नाला निर्माण कार्य | १,८०,०००।०० | १,२०,०००।०० |
| १६ | सि.न.पा. २ स्वर्गद्वारी घाटमा | २,४९,९९५।२८ | सव दाह गृह निर्माण तथा सव दाह गृह सम्म पुग्ने बाटो, गेट,र तार निर्माण | १,४९,९९५।२८ | १,००,०००।०० |
| **जम्मा कुल रकम** | | **५३,०३,०४८।२४** | | **३१,७९,४२०।०८** | **२१,२३,६२९।१६** |

## निर्णय नं. ३(तिन)

नगरपालिकाले आयोजना गर्ने विभिन्न बैठकहरुमा सहभागी हुने पदाधिकारीहरुको बैठक भत्ता देहाय बमोजिम कायम गर्ने साथै आमन्त्रित व्यक्तिको हकमा बैठकमा उपस्थिती आवश्यक भई अध्यक्षता गर्ने व्यक्तिको स्वकिृतिमा सहभागी हुने आमन्त्रित व्यक्तिलाई मात्र बैठक भत्ता प्रदान गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| पदपुर्ति समितिका पदाधिकारीहरु | रु ७५०।०० |
| राजश्व परामर्श समितिका पदाधिकारीहरु | रु ५००।०० |
| अनुगमन तथा सुपरीवेक्षण समितिका पदाधिकारीहरु | रु ५००।०० |
| बोलपत्र/दरभाउपत्र/आर्थिक/प्राविधिक प्रस्ताव मूल्याङ्कन समितिका पदाधिकारीहरु | रु ५००।०० |
| न.पा. बोर्ड बैठकका सहभागीहरु | रु ५००।०० |
| बोलपत्र/दरभाउपत्र/खोल्ने वा अन्य यस्तै कार्यमा खटिई आउने अन्य कार्यालयका प्रतिनीधिहरु | रु ५००।०० |

## निर्णय नं. ४(चार)

नेपाल सरकार र एशियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा सिद्धार्थनगर नगरपालिकामा सञ्चालित एकीकृत शहरी विकास आयोजनामा नियुक्त NGO द्वारा न.पा. का विभिन्न गरीब वस्तीहरुमा आ.ब. ०७१।०७२ का लागि पेश गरेको Community Development Progrom अन्तर्गत Small Scale Community Infrastructures कार्यक्रम न.पा.को मिति २०७२।१।१५ को बोर्ड बैठकद्वारा स्वीकृत गरी आयोजना समन्वय कार्यालयमा सहमतीको लागि पठाईएकोमा माथि उल्लेखित कार्यक्रम अन्तर्गतको 4" Artesian Boring कार्यक्रमलाई हटाई अन्य कार्यक्रममा समेत प्राप्त comment लाई समावेश गरी पुनः तयार भै पेश हुन आएको कार्यक्रमको अनुमानित लागत रु. ५७,२९,१७५।७१ स्वीकृत गर्ने र सो रकम PAM (Project Administration Manual) मा व्यवस्था भए अनुरुप सोही शिर्षकको लागि छुट्याईएको स्वीकृत रकम US $ 0.32 Million बाट खर्च गर्ने सहमतिको लागि सम्बन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।


फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**मिति २०७२।२।१३ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं. १(एक)**

नगर विकास कोषको प.स. ०७१/७२ मिति २०७२।२।११ को प्राप्त पत्रबाट सिद्धार्थनगर नगरपालिका वडा नं. ८ मा लुम्बिनी सडक देखि उत्तर ध्रुव अधिकारीको घरतर्फ जाने सडक पिच तथा नाला निर्माण कार्यको कुल लागत अनुमान रु ५९,९९,१४४।६५ मध्ये नगर विकास कोषबाट ३० प्रतिशत ऋण वापत हुने रु १७,९९,७४३।३९, नेपाल सरकारबाट प्राप्त हुने ६० प्रतिशत अनुदान वापत हुने रु ३५,९९,४८६।८० र नगरपालिकाको आफ्नो स्रोतबाट व्यहोर्ने १० प्रतिशत वापतको रु ५,९९,९१४।४६ हुने गरी आयोजना स्वीकृत भै आएको र वडा नं. ५ हाटबजारमा व्यापारिक भवन निर्माणका लागि कुल लागत अनुमान रु ५९,८५,७९५।०० मध्ये कोषबाट ऋण स्वरुप रु ३५,९१,४७७।००, नेपाल सरकारको अनुदान स्वरुप रु १७,९५,७३८।५० र नगरपालिकाको आफ्नो स्रोतबाट रु ५,९८,५८९।५० व्यहोर्ने गरी आयोजना स्वीकृत भै आएको हुँदा उक्त दुवै आयोजनाका लागि नगरपालिकाले कोषबाट लिनुपर्ने ऋण रकम रु ५३,९१,२२०।३९, बार्षिक ८ प्रतिशत व्याज दरमा १ बर्षको सहुलियत अवधि सहित ६ बर्ष भित्र तिर्ने गरी स्वीकार गर्ने निर्णय गरियो । साथै उक्त आयोजनाका लागि नगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने Matching Fund नगरपालिकाको आन्तरिक स्रोत, राजश्व बाँडफाँड, नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकमबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. २(दुई)**

सिद्धार्थनगर नगरपालिका र नगर विकास कोषको ऋण तथा अनुदान सहयोगमा सडक पिच तथा नाला निर्माण र हाटबजारमा व्यापारिक भवन निर्माण आयोजनाको ऋण सम्झौता गर्नको लागि सिद्धार्थनगर नगरपालिकाको तर्फबाट कार्यकारी अधिकृत श्री विष्णुदत्त गौतमलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ३ (तीन)**

सिद्धार्थनगर नगरपालिकामा संचालित एकीकृत शहरी विकास आयोजना, परियोजना कार्यान्वयन इकाईको लागि २९ अप्रिल २०१३ मा सम्झौता भई १५ मे २०१३ देखि परिचालित भएको Design and Supervision Consultant (DSC) GOEC Nepal (P.) Ltd. JV with Technocrat Consultancy, New Baneshwor, Kathmandu बाट प्रस्तावित भै छनौट भएका Solid Waste Management Engineer श्री सरोज कुमार पण्डितलाई हटाई (Replace गरी) द्वारिका फुयाललाई, Gender Equality and Social Inclusion (GESI) Expert श्री सबिना श्रेष्ठलाई हटाई (Replace गरी) श्री प्रिति कुमारी आचार्यलाई गरिएको प्रस्तावलाई मूल्यांकन गर्दा पहिले छनौट भएका र अहिले प्रस्ताव गरिएका विज्ञहरुको अंक मूल्यांकन समितिले मूल्यांकन गर्दा निम्न उम्मेदवारहरुको निम्न अनुसार अंक निर्धारण गरी आयोजना समन्वय कार्यालय (PCO) तथा ADB मा सहमतिको लागि पठाउन मूल्यांकन समितिबाट सिफारिस भई आए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

ASIAN DEVELOPMENT BANK

## SUMMARY EVALUATION SHEET FOR FULL TECHNICAL PROPOSALS

*Loan No.2851/Grant 0284-NEP: Integrated Urban Development Project*

*Recruitment of Design and Supervision Consultants, Siddharthanagar*

| | EVALUATION CRITERIA | Max. Weight | GOEC Nepal P. Ltd. JV with Technocrat Consultancy | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Rating | Score | Rating | Score | Rating | Score | Rating | Score | Rating | Score |
| **I. Qualification** | | **100** | | **100.00** | | | | | | | | |
| a. | Experience in similar projects | 70 | 100.00 | 70.00 | | | | | | | | |
| b. | Experience in similar geographic areas | 30 | 100.00 | 30.00 | | | | | | | | |
| **II. Approach and Methodology** | | **200** | | **178.90** | | | | | | | | |
| a. | Understanding of Objectives | 40 | 90.00 | 36.00 | | | | | | | | |
| b. | Quality of Methodology | 50 | 88.00 | 44.00 | | | | | | | | |
| c. | Innovativeness/Comments on TOR | 20 | 90.00 | 18.00 | | | | | | | | |
| d. | Work Program | 40 | 90.00 | 36.00 | | | | | | | | |
| e. | Personnel Schedule | 30 | 88.00 | 26.40 | | | | | | | | |
| f. | Counterpart Personnel & Facilities | 10 | 90.00 | 9.00 | | | | | | | | |
| g. | Proposal Presentation | 10 | 95.00 | 9.50 | | | | | | | | |
| **III. Personnel (Areas of Expertise)** | | **700** | | **687.40** | | | | | | | | |
| **National Consultants** | | **700** | | **687.40** | | | | | | | | |
| a. | Team Leadership | 50 | 86.00 | 43.00 | | | | | | | | |
| b. | Team leader Drainage Engineer | 70 | 100.00 | 70.00 | | | | | | | | |
| c. | Drainage Design Engineer | 50 | 100.00 | 50.00 | | | | | | | | |
| d. | Road Construction / Utility Coordination Engineer | 50 | 100.00 | 50.00 | | | | | | | | |
| e. | Solid Waste Management Engineer | 50 | 100.00 | 50.00 | | | | | | | | |
| f. | Electromechanical Engineer | 20 | 93.00 | 18.60 | | | | | | | | |
| g. | Gender and Social Inclusion Expert | 60 | 100.00 | 60.00 | | | | | | | | |
| h. | Social Safeguard Expert | 60 | 100.00 | 60.00 | | | | | | | | |
| i. | Environmental Safeguard Expert | 60 | 93.00 | 55.80 | | | | | | | | |
| j. | Economist | 20 | 100.00 | 20.00 | | | | | | | | |
| k. | Construction Supervision Engineer-1 | 70 | 100.00 | 70.00 | | | | | | | | |
| l. | Construction Supervision Engineer-2 | 70 | 100.00 | 70.00 | | | | | | | | |
| m. | Procurement and Contract Management Specialist | 50 | 100.00 | 50.00 | | | | | | | | |
| n. | GIS Expert | 20 | 100.00 | 20.00 | | | | | | | | |
| | **TOTAL** | **1000** | | **966.30** | | | | | | | | |

**Rating:** Excellent: 100% Very Good: 90 - 99% Above Average: 80 - 89% Average: 70 - 79% Below Average: 1 - 69% Non-complying: 0%

**Score:** Maximum Weight x Rating / 100

| Criteria Approved by: | Date Approved: | Evaluation Done by: | Date Evaluated: |
|---|---|---|---|
| CHAIRPERSON | | | |

ASIAN DEVELOPMENT BANK

## PERSONNEL EVALUATION SHEET

**Name of Firm: GOEC Nepal P. Ltd. JV with Technocrat Consultancy**

| POSITION/AREA OF EXPERTISE<br>Name of Firm: GOEC Nepal (P.) Ltd. JV with Technocrat Consultancy | | NAME | A General Qualifications 15% | | B Project-Related Experience 70% | | C Experience w/ Intl. Org. 15% | | TOTAL SCORE (A+B+C) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **Rating** | **Score** | **Rating** | **Score** | **Rating** | **Score** | |
| a. | Solid Waste Management Engineer | Dwarika Phunyal | 100 | 15 | 100 | 70 | 100 | 15 | 100 |
| b. | Gender Equality & Social Inclusion (GESI) Expert | Priti Kumari Acharya | 100 | 15 | 100 | 70 | 100 | 15 | 100 |

**Rating:** Excellent: 100% Very Good: 90 - 99% Above Average: 80 - 89% Average: 70 - 79% Below Average: 1 - 69% Non-complying: 0%

**Score:** Rating x percentage assigned to criterion



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५

e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**Comparision of Evaluation of Proposed Expert for Replacement With Existing Expert**

| S.No. | Expert | Type | Score | | Score comparision | Remarks |
|---|---|---|---|---|---|---|
| | | | Existing Expert | Proposed expert for replacement | | |
| 1 | Solid Waste Management Engineer | National | 100 | 100 | Equal | |
| 2 | Gender Equality & Social Inclusion (GESI) Expert | National | 100 | 100 | Equal | |

**निर्णय नं. ४ (चार)**

सिद्धार्थनगर नगरपालिकामा गठित सुपरीवेक्षण तथा अनुगमन समितिको बैठकबाट विभिन्न वडाहरुमा सञ्चालन भएका योजनाहरु अनुगमन गर्दा देखिएका बिषयबस्तुहरुलाई समेटेर दिनु भएको सुझावहरुलाई न.पा. का ईन्जिनियर जीवन अर्यालले मिति २०७२।२।३ र सव ईन्जिनियर मान प्रसाद श्रेष्ठले मिति २०७२।१।३१ तथा २०७१।११।२८ मा नगरपालिका समक्ष पेश गरेको प्रतिवेदन न.पा. वोर्ड बैठकमा प्रस्तुत भई जानकारी भयो । सुपरीवेक्षण तथा अनुगमन समितिका पदाधिकारीहरुले योजना अनुगमन गर्दा दिएका सुझावहरुलाई कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ५(पाँच)**

सिद्धार्थनगर नगरपालिकाले निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

**सार्वजनिक सुनुवाई कार्यक्रम**

मितिः- २०७२।३।२४ गते, विहिवार
समयः- दिनको १.०० बजे ।
स्थानः- सभागृह, सि..पा. वार्ड नं. १३, राजमार्ग



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np